# एन एन एस (NNS) को कन्सर्ट आयव्यय सार्वजनिक (नाफा या घाटा के भयो ?)

नेब्रास्का नेप्लीज सोसाइटीले आयोजना गरि सम्पन्न गरेको नया वर्ष शुभकामना साँझ तथा हिमाल सागर लाइभकन्सर्ट को आयव्यय सार्वजनिक गरेको छ । शनिवार आयोजित सोसाइटीको विशेष बैठकको अवसर पारी सोआयव्यय सार्व जनिक गरिएको हो ।

सोसाइटीका अध्यक्ष राज आचार्यको अध्यक्षतामा सम्पन्न बैठकमा सचिव धिरेन्द्रन्यौपानेले आयव्यय प्रस्तुत गर्नुभएको थियो । जसअनुसार जम्मा आम्दानी ७ हजार ६ सय २६ डलर ($7,626.00), खर्च ५ हजार ७ सय ४६ डलर ($5,746.00) गरि जम्मा १ हजार ८ सय ७९ डलर ($1,879.00) नाफा देखिएको छ ।

जसअन्तर्गत आम्दानीतर्फ टिकटबाट ४ हजार  सय २५ डलर ($4,525.00), विभिन्न संस्थाको स्पोन्सरबाट  २ हजार डल र ($2,000.00), ड्रिंक्सबाट १ हजार १ ($1,001.00) र नविन सापकोटाको तर्फदेखि १ सय डलर ($100.00) सहयोग रहेको छ ।

यसैगरि खर्चतर्फ कलाकार प्लेन भाडा (नेपाल-अमेरिका) अन्तर्गत १ हजार २ सय ३ डलर ($1,203.00), कलाकार स्टेजप्रस्तुति १ हजार डलर ($1,000.00), कार्यक्रम हल खर्च ८ सय डलर ($800.00), साउण्ड सिस्टम तथा स्टेज सजावटमा १ हजार ५ सय डलर ($1,500.00), ड्रिंक्स खरिदमा ७ सय ३९ डलर ($739.00), सेक्युरिटी व्यवस्थापनमा २ सय डलर ($200.00), अल्कोहल अनुमतिपत्रमा ६८ डलर ($68.00) र विविधसाना खर्च गरि २ सय ३६ डलर ($236.00) रहेको छ ।

| | | | |
|---|---|---|---|
| **Description** | **Income** | **Expenses** | **Profit/Loss** |
| Selling Ticket | $4,525.00 | | |
| Corporation Sponsorship | $2,000.00 | | |
| Drinks Sold | $1,001.00 | | |
| Donation | $100.00 | | |
| Artist Plane Fare | | $1,203.00 | |
| Artist Cost | | $1,000.00 | |
| Stage Fee | | $800.00 | |
| Sound System | | $1,500.00 | |
| Drinks Purchased | | $739.00 | |
| Security | | $200.00 | |
| Alcohol license Fee | | $68.00 | |
| Misc | | $236.00 | |

| | | | |
|---|---|---|---|
| | | | |
| | | | |
| | $7,626.00 | $5,746.00 | $1,880.00 |
| | | | |
| Profit = Income - Expenses | | | |
| Profit = $7626 - $5746 | | | |
| **Profit =** | **$1,880.00** | | |
| | | | |

केही विलहरु प्रमाणित हुन बाँकि रहेकोले पछि केहि सानो रकम खर्चमाजोडिने र अर्को बैठकमा जानकारी गराइने समेत बैठकमा जानकारीगराइएको थियो ।

यसैगरि बैठकले विभिन्न विषयहरुमाथि छलफल गरि निम्नलिखित निर्णयहरु गरेको छ :

1. नया वेभसाइट निर्माणको लागि भएको खर्च १ हजार ९ सय ५० डलर बैठकले पारित गरेको छ । करिव ५ दे खि ६हजार डलरको लागत लाग्ने वेभसाइट सोसाइटीका आइटीअफिसर राजेन्द्र श्रेष्ठले बाँकि रकम सोसाइटी का लागि आफु र आफ्नो कम्पनिले सहयोग गनुभएको हो ।

2. कम्युनिटि सेन्टर प्रोजक्ट कमिटिको संयोजकमा इश्वर ढकाललाई चयन गरेको छ । छिट्टै सोसाइटीले कमिटि को मिटिङमा छलफल गरि कामलाई तिव्रता दिइनेछ ।

3. बैंकमा साधारण अपरेटिङ खातामा रहेको रकम मध्ये २० हजार डलर रकम कम्युनिटि सेन्टर प्रोजेक्ट खाता माट्रान्सफर गर्ने निर्णय गरेको छ ।

4. आगामि कार्यक्रम गर्नको लागि हल व्यवस्थापन समितिमा साँस्कृतिक कार्यक्रम संयोजक अमर थापाको संयोजकत्वमा राज आचार्य, राजेन्द्र श्रेष्ठ, धिरेन्द्र न्यौपाने र राजीव सापकोटा सम्मेलित ५ सदस्यिय समिति गठ न गरिएको छ ।

5. सोसाइटीको मिटिङ अव प्रत्येक महिनामा एक पटक नियमित हुनेछ । जसमा महिनाको अन्तिम शनिवार र अन्तिम आइतवार पालैपालो हुनेछ । स्थान र समयको लागि भने सबै बोर्ड मेम्बरहरुले इमेल प्राप्त गर्नुहुनेछ ।

6. साउण्ड सिस्टम रिपेयर तथा सिकागो इभेन्टको लागि अध्यक्ष राज आचार्यले संयोजन गनुहुनेछ ।

7. एसियन फेस्टिवलको लागि सुमित्रा न्यौपानेको संयोजकत्वमा अमर थापा र धिरेन्द्र न्यौपाने सम्मेलित समितिले सबै जिम्मेवारी सम्पन्न गर्ने

8. संयोजक अमर थापाको संयोजकत्वमा तीज कार्यक्रमको लागि हल तथा अन्य व्यवस्थापनको लागि जिम्मा दिने । हलको आधारमा सेप्टेम्बर १ वा ८ मा कार्यक्रम गर्ने अर्को बैठक सम्ममा अन्तिम निर्णय गरिसक्नुपर्ने

9. कोषाध्यक्ष ध्रुव पौडेलको संयोजकत्वमा अहिलेसम्मको आर्थिक हिसावकिताव सार्वजनिक रुपमा वेभसाइटमा राख्ने, त्यसको लागि विवरण आइटि अफिसर राजेन्द्र श्रेष्ठसँग उपलब्ध गराउने ।

साथै बैठकले अन्य विषयहरुमा समेत छलफल गरि निर्णय गरेको छ । सोसाइटीले सबैको सहयोगको कारण कार्यक्रम समग्रमा सफल रहेकोले सवै नेब्रास्काबासी नेपाली दाजुभाइ तथा दिदिबहिनीहरुलाई धन्यवाद ज्ञापन समेत गरेको छ ।

बैठकमा अध्यक्ष राज आचार्य, उपाध्यक्ष कृष्ण कँडेल, सचीव धिरेन्द्र न्यौपाने, आइटी अफिसर राजेन्द्र श्रेष्ठ, संयोजकहरु सुमित्रा न्यौपाने र कल्पु राई सदस्यहरु राजीव सापकोटा, रमेश केसी, सल्लाहकारहरु विनोद खड्का र हरिओम प्रधान, कम्युनिटि सेन्टर प्रोजेक्ट संयोजक इश्वर ढकाल लगायतले आफ्नो भनाई राख्नुभएको थियो ।